# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १३ अक्तूबर २०२५

समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी आज पुन: पहाड आउनु भएको छ। उहाँले भोलि मिरिक र दार्जिलिङको भ्रमण गर्नुहुनेछ|

- मुख्यमन्त्री ममता बनर्जीले उत्तर बंगालमा आएको बाढीको लागि छिमेकी भुटानलाई दोष दिनुहुदै क्षतिपूर्तिको माग गर्नुभएको छ।

- जीटीए क्षेत्रभरी हालै आएको बिनाशकारी आपादालाई लिएर आज जीटीए को आपातकालीन सभा सम्पन्न भयो। उक्त सभामा ११ सदसय आपदा व्यवस्थापन समिति गठन गरिएको छ।

- भारतीय निर्वाचन आयोग (ECI) ले पश्चिम बंगालमा २०२६ मा हुने विधानसभा चुनावको लागि वेबकास्टिङ प्रणालीको शुद्धतालाई उच्च प्राथमिकता दिएको छ।

- दुर्गापुरमा मेडिकल छात्रासित भएको सामूहिक दुष्कर्म मामिलामा पुलिसले थप अर्को आरोपीलाई पक्राउ गरेको छ।

## मुख्यमन्त्री ममता ब्यानर्जी

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी आज पुन: पहाड आउनु भएको छ। गत 4 अक्टोबरको राती आएको प्राकृतिक प्रकोपको निरीक्षण गर्न र आपदामा परेर मृत्यु भएका मृतकका परिवारलाई राहत राशि प्रदान गर्न गत 7 अक्टोबरको दिन खरसाङ खण्डको दूधेमा आउनु भएको थियो भने आज फेरि उहाँ पहाड आईपुग्नु भएको छ। आज मुख्यमन्त्री ममता ब्यानर्जी अलिपुरद्वारको कार्यक्रम सकेर सिलगढी आउनु भएपछि सोझै सुकना हुँदै राष्ट्रिय राजमार्ग 110 अन्तर्गत तीनधारे, महानदी भएर खरसाङको गिध्द पहाडस्थित सर्किट हाउसमा आएर बस्नु भएको छ। उहाँ भोलि मिरिक जानु हुने कार्यक्रम रहेको छ भने मिरिकबाट दार्जिलिङ जानु भएपछि सिलगढी भएर कोलकोता फर्किनु हुने कार्यक्रम रहेको बताइएको छ। आज मुख्यमन्त्री ममता ब्यानर्जी साँझमा खरसाङको गिध्द पहाड आईपुग्नु हुँदा हिल तृणमूल कांग्रेसको पदाधिकारीहरु कार्यकर्ताहरुले स्वागत जनाएका थिए। यस क्रममा हिल तृणमूल कांग्रेस अध्यक्षा एंव पूर्व सांसद शान्ता छेत्री लगायत अन्यहरु उपस्थित रहेका थिए।

## मुख्यमन्त्री ममता बनर्जी

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज उत्तर बंगालमा आएको बाढीको लागि छिमेकी भुटानलाई दोष दिनुहुदै क्षतिपूर्तिको माग गर्नुभएको छ। उहाँले भुटानबाट आउने पानीले उत्तर बंगालका धेरै जिल्लाहरूमा बाढी आएको र व्यापक क्षति पुऱ्यायो दाबी गर्नुभएको छ।मुख्यमन्त्री बनर्जी राहत र पुनर्स्थापना कार्यको समीक्षा गर्न उत्तर बंगालको जलपाईगुडी जिल्लाको नगरकाटा क्षेत्रको भ्रमणमा हुनुहुन्थ्यो। भ्रमणको क्रममा उहाँले, "भुटानबाट आउने पानीका कारण हामीले ठूलो क्षति बेहोरेका बताउनुहुदै क्षतिपूर्ति मांग गर्नुभएओ छ|उहाँले लामो समयदेखि भारत-भुटान संयुक्त नदी आयोग गठनको माग गर्दै आएकी पनि बताउनुभयो। मुख्यमन्त्रीले भन्नुभयो उहाँको दबाबका कारण यस महिनाको १६ तारिखमा बैठक तय गरिएको छ र यस बैठकमा उहाँको अधिकारीहरू सहभागी हुने बताउनुभयो। उहाँले पश्चिम बंगाललाई यस आयोगमा समावेश गर्न पनि माग गर्नुभएको छ।मुख्यमन्त्रीले केन्द्र सरकारले विपद् व्यवस्थापनको लागि राज्यलाई आर्थिक सहयोगबाट वञ्चित गरेको आरोप पनि लगाउनुभएको छ।

**जीटीए सभा**

जीटीए क्षेत्रभरी हालै आएको बिनाशकारी आपादालाई लिएर आज जीटीए ले आपातकालीन सभा सम्पन्न भयो। उक्त सभाले ११ सदसय आपदा व्यवस्थापन समिति गठन गरेको छ। समितिमा अध्यक्ष सभासद कमल सुब्बा, सदस्यहरूमा अजय एडवर्ड्स, विनय तामाङ तथा अन्य सभासदहरू समावेश गरिएको छ । यस समितिको रिपोटको आधारमा जीटीएले राज्य र केन्द्रलाई डिजास्टरको घोषणा गर्ने मांग गर्ने जीटीए सभाका सभापति अनजुल चौहानले जानकारी गराउनुभएको छ।जीटीए क्षेत्र भरि प्रारम्भिक आकलन अनुसार ९ सय ५० करोडको रुपियाँको क्षति भएको छ साथै २१ जानाको मृत्यु भएको छ भने एक जाना निखोज बनेको पनि चौहानले जानकारी गराउनुभएको छ। यदि कुनै क्षतिको विवरण छुटेको छ भने सम्बन्धित पक्षले आगामी 24 घण्टाभित्र समितिलाई जानकारी उपलब्ध गराउनु पर्ने उहाँले थप बताउनुभएको छ ।

**मिरिक पहिरो**

४ अक्टोबर २०२५ को दिन आएको विनाशकारी पहिरो र बाढले मिरिक महकुमाको विभिन्न गाउँ- बस्तीहरूलाई गम्भीर रूपमा असर पारेको छ। राज्यकीमुख्यमन्त्री ममता ब्यानर्जीको मिरिक आगमनको पुर्व सन्ध्यामा मिरिक को नौ माइल र सियोक गोदामधुरा गाउँका पहिरो एवं बाढ पीडितहरूले राहत सामग्रीहरु पर्याप्तरुपमा पाइरहेता पनि पुनर्वासको मागलाई तिब्रता दिएका छन्। उनीहरूले सकेसम्म चाँडो आफ्नो घर निर्माण गरिदिने माग गरेका छन्। पहिरो र बाढ पीडितहरूले राहत शिविरहरूमा पर्याप्त राहत सामग्री प्राप्त गरिरहेता पनि अब उनीहरूले आफ्नो घर निर्माणको व्यवस्था गर्न राज्य तथा केन्द्र सरकार एवं स्थानीय सरकार समक्ष माग गरेका छन्।

**राष्ट्रिय राजमार्ग NH10**

राष्ट्रिय राजमार्ग दस आज दिउँसो एक बजेदेखी पुर्णरुपमा बन्द गरिएको छ। राजमार्ग दसको विभिन्न स्थानमा पहिरोले सडक क्षतिग्रस्त बनाएको कारण सडक मरम्मत्ती गर्न आगामी 16 अक्टोबरसम्म राजमार्ग दस बन्द गरिएको हो। यस अवधी दार्जिलिङ जाने सडक खुला रहनेछ भने सिक्किमका वाहनहरु चित्रेबाट कालेबुङ हुँदै लाभाको बाटो अथवा मन्सोङ भएर सिलगडी जान सक्नेछन्।

**कैजले युथ एसोसिएसन**

स्थानीय स्तरमा खेलाडीहरु जन्माउने प्रमुख लक्ष्सगै युवा खेलाडीहरुलाई मंच दिने उदेश्यका साथमा कैजले युथ एसोसिएसन कैजलेद्वारा सत्र बर्षसम्मका खेलाडीलाई लिएर आयोजित फुटबल प्रतियोगिता एक रंगारङ्ग कार्यक्रमको साथमा शनिबार समापन गरियो। स्थानीय लोवर कैजले खेल मैदानमा आयोजित खेलमा कैजले ग्राम पन्चायत प्रधान प्रमिला लामा प्रमुख आतिथिको रूपमा उपस्थिति थिइन भने उनीवाहेक कैजले ग्रामका विभिन्न वार्डका निर्वाचित सदस्यगण भाजपा जिल्ला नेता गोपाल बुढाथोकी लगायतको प्रमुख रूपमा उपस्थिति थियो। यसैबीच विविध सास्कृतिक कार्यक्रमको साथमा आयोजित फाइनल खेल सुम्बुक युथ कल्ब बिजयी बन्दै प्रहिलो सस्करणको च्याम्पियन बन्यो।

**ECI पश्चिम बंगाल**

भारतीय निर्वाचन आयोग (ECI) ले पश्चिम बंगालमा २०२६ मा हुने विधानसभा चुनावको लागि वेबकास्टिङ प्रणालीको शुद्धतालाई उच्च प्राथमिकता दिएको छ। आयोगले राज्यको मुख्य निर्वाचन अधिकृत (CEO) कार्यालयलाई अग्रिम तयारी सुरु गर्न र प्रणालीलाई बलियो बनाउन निर्देशन दिएको छ।सीईओ कार्यालयका अधिकारीहरूका अनुसार, २०२४ को लोकसभा चुनावको सबै सात चरणहरूमा धेरै मतदान केन्द्रहरूमा वेबकास्टिङ प्रणाली औसत दुई देखि चार घण्टासम्म डाउन भएको खुलासा भएको आन्तरिक निष्कर्ष पछि यो निर्देशन जारी गरिएको हो।आयोगले अनुसन्धानले यो पनि थाहा लागेको छ कि १ जुनमा भएको २०२४ को लोकसभा चुनावको सातौं तथा अन्तिम चरणको समयमा नौ संसदीय निर्वाचन क्षेत्रमा सबैभन्दा धेरै प्राविधिक त्रुटिहरू देखिएको थियो। यसमा उत्तर २४ परगना जिल्लाको दमदम, बारासत र बसिरहाट, दक्षिण २४ परगना जिल्लाको जयनगर, मथुरापुर, डायमंड हार्बर र जादवपुर र कोलकाता जिल्लाको कोलकाता दक्षिण र कोलकाता उत्तर निर्वाचन क्षेत्रहरू समावेश

थिए।अधिकारीहरूका अनुसार, आयोगले आगामी विधानसभा चुनावमा सबै मतदान केन्द्रहरूमा १००% वेबकास्टिङ शुद्धता सुनिश्चित गर्न प्रारम्भिक सिफारिसहरू जारी गरेको छ

**मिरिक ओकेटी समष्टि**

मिरिकको सियोग गोपालधारा ओकेटी समष्टि अन्तर्गत थर्बु चियाबारीको सिस्ने अनि एतीस गाउँलाई जोड्ने सडक गत चार अक्टोबरको पैरोले बाधित बनैपछि हाल पनि सडक सुचारू गर्नका लागि कार्य चलिरहेको छ। दुई गाउँलाई जोड्ने सडकको धेरैवटा ठाउँमा पैरोले पुरेको कारण क्षेत्रिय सभासद धुर्ब बोम्जन, मिरिकका जनसम्पर्क अधिकारी विवेक गोलेको पहल अनि जीटीएका प्रमुख कार्यपाल अनित थापाको सहयोगमा 6 अक्टोबरदेखि नै सडक सुचारू गराउन बुल्डोजर लगाउने कार्य भइरहेको छ। यसैक्रममा आज मिरिक महकुमाका जनसम्पर्क अधिकारी विवेक गोलेले भ्रमण गर्दै सडकको कार्यको जायजा लिएका छन्। उनले आगामी दुई दिनभित्र दुई गाउँलाई जोड्ने सडक पूर्ण रूपमा सञ्चालनमा आउन सक्ने बताएका छन्।

**दुर्गापुरमा मेडिकल छात्रा**

दुर्गापुरमा मेडिकल छात्रासित भएको सामूहिक दुष्कर्म मामिलामा पुलिसले थप अर्को आरोपीलाई पक्राउ गरेको छ। यसका साथै अहिलेसम्ममा यस मामिलामा चारजना आरोपी पक्राउ परिसकेका छन् भने एकजना आरोपीको खोज जारी छ। पक्राउ पर्ने चौथो आरोपी पनि स्थानीय नरहेको बताइएको छ तथापि पुलिसले हाल चौथो आरोपीको नाम सार्वजनिक गरेको छैन।पुलिसले गए आइतवारसम्ममा शेख रियाजुद्दीन, अपू बाउरी एवं फिरदौस शेख नामक तीनजना आरोपीहरूलाई पक्राउ गरेको थियो जसलाई दुर्गापुरको अदालतमा पेश गरेपछि दश दिनको रिमाण्डमा लिइएको छ।पुलिस सूत्र अनुसार गए आइतवार पक्राउ गरिएका तीनैजना आरोपीहरूलाई अदालतमा पेश गरिएपछि पुलिसले कलेज नजिकै अवस्थित झाड़ीहरूले घेरिएको क्षेत्रमा ड्रोनको सहयोगमा छापा मारेर चौथो आरोपीलाई पक्राउ गर्‍यो। पुलिसले बताए अनुसार, घटनाका मुख्य पाँचजना आरोपीहरूमध्ये चारजनालाई पक्राउ गरिसकिएको छ भने एकजनाको खोजि जारी छ।

**पश्चिम बंगाल प्याज भण्डारण**

पश्चिम बंगाल सरकारले प्याज किसानहरूका लागि एउटा ठूलो निर्णय लिएको छ। राज्यमा ७७५ प्याज भण्डारण गृह (प्याज गोल) निर्माण गरिनेछ, जसले किसानहरूलाई छिटो प्याज बेच्नुपर्ने बाध्यताबाट मुक्त गर्नेछ र वर्षभरि उपलब्धता सुनिश्चित गर्नेछ। राज्य सरकारले यस उद्देश्यका लागि सरकारी अनुदान पनि प्रदान गर्नेछ।कृषि विपणन मन्त्री बेचाराम मान्नाले सोमबार जानकारी दिनुभए अनुसार हुगलीमा प्याज भण्डारण गृहको लागि अनलाइन आवेदनमा ३५२ किसानहरूले भाग लिएका थिए र १७५ किसानहरूलाई लॉटरी द्वारा छनोट गरिएको थियो। प्रत्येक किसानले एक लाख 25 हजार रुपियाँको सरकारी अनुदान पाउनेछन्।

****** ० ******